# हेटौंडा राजपत्र

हेटौंडा उपमहानगरपालिकाद्वारा प्रकाशित

खण्डः ८ | संख्याः १३ | मितिः२०८१।०९।०९


## भाग- ३

**हेटौंडा उपमहानगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

### हेटौंडा उपमहानगरपालिका भारी सवारी साधन सञ्चालन कार्यविधि, २०८१

**प्रस्तावनाः**

हेटौंडा उपमहानगरपालिकाको स्वामित्वमा रहेका भारी सवारी साधनहरुको सञ्चालन एवम् व्यवस्थापन गर्ने प्रयोजनका लागि निश्चित विधि र प्रकृया निर्माण गरी उपमहानगरपालिकाको स्रोत साधनको महत्तम उपयोग गरी आन्तरिक श्रोतलाई थप मजबुत वनाउन वाञ्छनीय भएकोले हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी "हेटौंडा उपमहानगरपालिका भारी सवारी साधन सञ्चालन कार्यविधि, २०८१" बनाई लागू गरेको छ ।

**परिच्छेद- १**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "हेटौंडा उपमहानगरपालिका भारी सवारी साधन सञ्चालन कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट पारित गरि हेटौंडा उपमहानगरपालिकाको राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

हेटौंडा राजपत्र

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनु पर्दछ ।

(ख) "भारी सवारी साधन" भन्नाले बारुणयन्त्र, रोलर, व्याक हो लोडर, ग्रेडर, वाटर ट्याङ्कर, ट्रक, ट्रिपर, मिनि ट्रिपर, सक्सन पम्प, ट्रयाक्टर समेतलाई सम्झनुपर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिका सम्झनुपर्दछ ।

(घ) "उपमहानगरपालिका" भन्नाले हेटौंडा उपमहानगरपालिका सम्झनुपर्दछ ।

(ङ) "समिति" भन्नाले यस कार्यविधिको दफा ५ बमोजिम गठित समिति सम्झनुपर्दछ ।

(च) "शाखा" भन्नाले भारी सवारी साधन सञ्चालन गर्न तोकिएको शाखा सम्झनुपर्दछ ।

(छ) "कोष" भन्नाले भारी सवारी साधन सञ्चालनका लागि तोकिएको आर्थिक शीर्षकलाई सम्झनु पर्दछ ।

(ज) "चालक" भन्नाले भारी सवारी साधन चलाउन उपमहानगरपालिकाबाट नियुक्त चालकलाई सम्झनुपर्दछ ।

(झ) "सेवाग्राही" भन्नाले यस कार्यविधि अनुसार सेवा लिन चाहने फर्म, कम्पनी वा सार्वजनिक संघसंस्था, समिति, उपभोक्ता समिति र व्यक्तिलाई सम्झनुपर्दछ ।

(ञ) "प्रमुख" भन्नाले हेटौंडा उपमहानगरपालिकाको नगर प्रमुख सम्झनुपर्दछ ।

(ट) "उपप्रमुख" भन्नाले हेटौंडा उपमहानगरपालिकाको नगर उपप्रमुख सम्झनुपर्दछ ।

(ठ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले हेटौंडा उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ ।

## परिच्छेद-२

## भारी सवारी साधन सञ्चालन सम्बन्धि व्यवस्था

३. **भारी सवारी साधन उपलब्ध गराउन सकिने:** (१) भारी सवारी साधन भाडामा प्राप्त गर्न चाहने सेवाग्राहीले अनुसूची-१ बमोजिमको ढाँचामा उपमहानगरपालिकामा निवेदन पेश गर्नुपर्नेछ ।

(२) उपमहानगरपालिकाबाट उपलब्ध गराइने भारी सवारी साधनको भाडा दर हेटौंडा उपमहानगरपालिकाको आर्थिक ऐनमा तोकिएबमोजिम हुनेछ ।

(३) सेवाग्राहीले अनुसूची-१ बमोजिमको निवेदनमा प्रमुख प्रशासकीय अधिकृतको तोकादेश पश्चात तोकिएको शुल्क बुझाएपछि सम्बन्धित शाखाले अनुसूची-२ बमोजिमको सम्झौता गरी गराई साधन उपलब्ध गराउने छ ।

(४) तत्काल भारी सवारी साधन उपमहानगरपालिका स्वयम्ले प्रयोगमा ल्याउनु पर्ने अवस्था आएमा सम्बन्धित शाखाले अभिलेख राखि उपलब्ध गराउन सक्नेछ ।

(५) भाडामा सवारी साधन दिइ अग्रिम दस्तुर बुझाएको भन्दा बढि समय साधनको प्रयोग भएमा नियमानुसार थप दस्तुर बुझाउनु पर्नेछ । यस्तो थप दस्तुर उठाउने दायित्व चालकको हुनेछ ।

(६) लापरबाहीका कारणले भारी सवारी साधनमा कुनै क्षति पुग्न गएमा सोको जिम्मेवारी साधन माग गर्ने सेवाग्राहीको हुनेछ ।

(७) विपद्, सार्वजनिक हित र उपमहानगरपालिकाबाट सञ्चालन हुने वा आयोजना गरिने विशेष कार्यका सन्दर्भमा भारी सवारी साधन प्रयोग गर्नु पर्ने भएमा नगर प्रमुखको स्वीकृतिबाट निःशुल्क रुपमा भारी सवारी साधन उपलब्ध गराउन वा प्रयोग गर्न बाधा पर्ने छैन।

४. **<u>ठेक्कामा लगाउन सकिनेः</u>** (१) उपमहानगरपालिकामा रहेका भारी सवारी साधनहरु निश्चित अवधि तोकेर कोही व्यक्ति, संस्था, फर्म, कम्पनी, निर्माण व्यवसायीलाई अनुसूची-३ बमोजिम सम्झौता गरी भाडामा दिन सकिनेछ ।

(२) यसरी ठेक्काको माध्यमबाट भाडामा दिँदा नगर कार्यपालिका बैठकबाट न्यूनतम अङ्क तोकी सोही अङ्कका आधारमा प्रचलित आर्थिक ऐन, सार्वजनिक खरिद ऐन र नियमावली, ठेक्का बन्दोबस्त सम्बन्धि कार्यविधि अनुसार १५ (पन्ध्र) दिनको सूचना जारी गरी तोकिएको समयावधिभित्र रित पूर्वक प्राप्त हुन आएका आवेदकहरु मध्ये सबैभन्दा बढि अङ्क कबोल गर्नेलाई सवारी साधन भाडामा दिनु पर्नेछ।

(३) प्रतिस्पर्धा गराई ठेक्का लगाउँदा कबोल अङ्कलाई ३ बराबर किस्तामा बाँडी प्रथम किस्ताको नगद र बाँकी २ किस्तामा बुझाउनु पर्ने रकम बराबरको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ । यस्तो बैंक ग्यारेन्टीको म्याद ठेक्का समाप्त हुने मितिले ३० दिन पछिसम्मको हुनु पर्नेछ।

(४) ठेक्कामा दिएको भारी सवारी साधनको मर्मत, इन्धन, अन्य इन्धन, टायर, ट्युब, ब्याट्री, बुस, ब्लेड, लुब्रिकेन्ट, सर्भिसिङ्ग चार्ज र हलो लगायत मर्मतका सम्पूर्ण पाट्र्स कार्यको जिम्मेवारी ठेक्का लिने पक्षको हुनेछ ।

(५) ठेक्का अवधि पुरा भएपछि भारी सवारी साधन ठेक्का लिँदाको अवस्थाको जस्तै चुस्त दुरुस्त पारि बुझाउनु ठेक्का लिने पक्षको कर्तव्य हुनेछ ।

(६) भारी सवारी साधन ठेक्कामा लिने व्यक्तिले उपमहानगरपालिकाबाट खटाइएको चालकको प्रयोग गर्नु पर्नेछ ।

(७) उपमहानगरपालिकाले तोके बमोजिमको चालकको सेवा सुविधा ठेक्का लिने पक्षले ठेक्काको अवधिसम्म उपलब्ध गराउनु पर्नेछ ।

(८) भारी सवारी साधन ठेक्कामा दिँदा चालु अवस्थामा दिइनेछ र ठेक्का लिने पक्षले ठेक्का अवधि समाप्त भएपछि त्यस्तो साधन बुझाउँदा दुरुस्त रुपमा मर्मत गरी बुझाउनु पर्नेछ । सवारी साधनको मर्मत गर्नु पर्ने अवस्थामा मर्मतको लागत अनुमान उपमहानगरपालिकाले तोकेको मेकानिकल इन्जिनियरबाट गराइनेछ । साथै मर्मत भएका सामग्रीहरुको अभिलेख प्रचलित कानून बमोजिम राखिनेछ । ठेक्कामा दिएको साधनको मर्मतको सुनिश्चितताको लागि नगद रु.५,००,०००।०० (पाँच लाख) धरौटी स्वरुप उपमहानगरपालिकामा सवारी साधन ठेक्कामा लिने पक्षले अग्रिम जम्मा गर्नु पर्नेछ र तोकिएको समयावधि पछि मर्मत नगरी साधन बुझाएमा धरौटी रकमबाट मर्मत गरिनेछ । मर्मत गरी बाँकी रहन गएको धरौटीको रकम मात्र नियमानुसार फिर्ता हुनेछ ।

(९) वार्षिक रुपमा सवारी साधन ठेक्कामा कसैलाई उपलब्ध गराउँदा नगर कार्यपालिकाले तोकेको अङ्कलाई न्यूनतम अङ्क मानी प्रतिस्पर्धात्मक सूचना प्रकाशन गरी बढी अङ्क कबोल गर्नेलाई सवारी साधन भाडामा उपलब्ध गराइनेछ ।

(१०) ठेक्का अवधि नसकिदै उपमहानगरपालिका स्वयम्लाई कुनै भारी सवारी साधनको आवश्यक परेमा जुनसुकै बखत उपमहानगरपालिकाले प्रयोग गर्नेछ । यसरी उपमहानगरपालिकाले प्रयोग गरेको अवधिको रकम दामासहीले ठेक्का लिने पक्षलाई उपमहानगरपालिकाबाट छुट दिइनेछ ।

(११) ठेक्का अवधि समाप्त नहुँदै ठेकेदारले भारी सवारी साधन फिर्ता गर्न चाहेमा वा उपमहानगरपालिकालाई आवश्यक परी ल्याउनु परेमा कम्तिमा ३० दिन अगावै दुवै पक्षबाट लिखित सूचना लिई दिई फिर्ता बुझाउन र ल्याउन सकिनेछ ।

## परिच्छेद-३
## समिति सम्बन्धि व्यवस्था

५. **भारी सवारी साधन सञ्चालन समितिको गठनः** (१) यस कार्यविधिले तोके बाहेकका अन्य व्यवस्थापकीय कार्य र सञ्चालन गर्नका लागि देहाय अनुसारको सञ्चालन समिति रहनेछः

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत | संयोजक |
| पूर्वाधार विकास महाशाखा प्रमुख | सदस्य |
| यान्त्रिक शाखा प्रमुख | सदस्य |
| मेकानिकल इन्जिनियर/बरिष्ठ इन्जिनियर | सदस्य |
| सम्पत्ति व्यवस्थापन तथा जिन्सी शाखा प्रमुख | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिको बैठक सम्बन्धि व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-४
## कोष सम्बन्धि व्यवस्था

६. **भारी सवारी साधन सञ्चालन कोषको व्यवस्थाः** (१) भारी सवारी साधन सञ्चालनका लागि एउटा छुट्टै कोष खडा गरिनेछ । उक्त कोषमा देहाय बमोजिमको रकम रहनेछः

(क) उपमहानगरपालिकाबाट विनियोजित रकम,

(ख) भारी सवारी साधन प्रयोगबाट प्राप्त हुने दस्तुर,

(ग) विभिन्न निकाय, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) सवारी साधन सञ्चालन सम्बन्धि खर्च रकम,

(ङ) भारी सवारी साधन ठेक्का दिए बापत प्राप्त रकम ।

७. **कोष सञ्चालन विधिः** भारी सवारी साधन सञ्चालन कोषको खाता सञ्चालन गर्ने प्रकृया प्रचलित कानून अनुसार प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत र लेखा प्रमुख वा लेखाको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

## परिच्छेद-५
## विविधः

८. **बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

९. **कार्यविधिको व्याख्याः** यस कार्यविधि कार्यान्वयनको शिलशिलामा कुनै द्विविधा भएमा सोको व्याख्या नगर कार्यपालिकाले गरे बमोजिम हुनेछ ।

१०. **<u>प्रावधान बाझिएको हकमाः</u>** (१) कार्यविधिमा उल्लेखित कुनै व्यवस्था प्रचलित ऐन कानुनसँग बाझिएमा प्रचलित ऐन कानूनमा भएको व्यवस्था नै लागु हुनेछ।

(२) कार्यविधिमा उल्लेखित व्यवस्थासँग साविकमा भएका परीपत्रहरु बाझिन गएमा यस कार्यविधिमा भएको व्यवस्था नै लागू गर्नु पर्नेछ।

११. **<u>संशोधन र थपघट गर्न सकिनेः</u>** हेटौंडा उपमहानगरपालिकाले यस कार्यविधिमा संशोधन, थपघट तथा हेरफेर गर्न सक्नेछ।

१२. **<u>कार्यविधिको पालना गर्नुपर्नेः</u>** यस कार्यविधामा भएको व्यवस्थाहरुको पालना सम्बन्धित पक्षले गर्नु पर्नेछ।

हेटौंडा राजपत्र

**अनुसूची-१**

**(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)**

**भारी सवारी साधन भाडामा लिने सम्बन्धि निवेदनको ढाँचा**

मितिः ......................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
हेटौंडा उपमहानगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
हेटौंडा, मकवानपुर ।

**विषयः भारी सवारी साधन भाडामा उपलब्ध गराई पाउँ ।**

........................................ कामका लागि उपमहानगरपालिकाको मिति .................. देखि मिति .................................. सम्म भारी सवारी साधन ........................ उपलब्ध गराई दिनु हुन यो निवेदन पेश गरेको छु ।

भारी सवारी साधन ......................... मिति .......................... मा कार्य सम्पन्न भएपछि दुरुस्त अवस्थामा उपमहानगरपालिकामा फिर्ता पठाउने व्यहोरा समेत जानकारी गराउन चाहन्छु/छौं ।

**नोटः निवेदकले आफ्नो परिचय खुल्ने प्रमाण निवेदन साथ पेश गर्नुपर्नेछ ।**

**निवेदकको**

पुरा नामथरः
ठेगानाः
सम्पर्क नं
दस्तखतः

हेटौंडा राजपत्र

## अनुसूची-२
### (दफा ३ को उपदफा (३) सँग सम्बन्धित)
### भारी सवारी साधन भाडामा लगाउने कार्य सम्बन्धी सम्झौता पत्रको ढाँचा

#### सम्झौता-पत्र

हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, हेटौंडा, मकवानपुर (यसपछि प्रथम पक्ष भनिने छ) र ................................................................... (यसपछि दोस्रो पक्ष भनिने छ) का बीचमा भारी सवारी साधन ............................ भाडामा लगाउने, लिने कार्य देहाय बमोजिमको सेवा तथा शर्तहरुको अधिनमा कार्यान्वयन गर्न गराउन दुवै पक्ष एक आपसमा सहमत भई हेटौंडा उपमहानगरपालिकामा बसी यो सम्झौता पत्रमा हस्ताक्षर गरी लियौं दियौं ।

**शर्तहरु**

१. प्रथम पक्षले दोस्रो पक्षलाई .................................... कार्यका लागि मिति ...................... देखि मिति ............................ सम्म ............................... भाडामा उपलब्ध गराउन मञ्जुर गर्दछ ।

२. हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र सार्वजनिक निर्माणको कार्य गर्न प्रति घण्टा रु. ................ मा दोस्रो पक्षले भुक्तान गर्ने गरी दुवै पक्षले यो सम्झौतामा हस्ताक्षर गर्न मञ्जुर गर्दछौं ।

३. भारी सवारी प्रयोगको क्रममा दोस्रो पक्षको त्रुटी वा लापरबाहीबाट दुर्घटना भई हुन गएको क्षतीको क्षतिपूर्ति व्यहोर्ने दायित्व दोस्रो पक्षको हुनेछ ।

४. यस कार्यविधिमा उल्लेख भएका व्यवस्थाका अतिरिक्त प्रथम पक्षलाई देहायको अधिकार हुनेछ।

(क) समयमा कार्य सम्पादन हुन नसकेमा भारी सवारी साधन फिर्ता गरी सम्झौता भंग गर्ने ।

(ख) प्रचलित कानून र खरिद सम्झौता बमोजिम हुने सक्ने अन्य उपचारको व्यवस्था ।

| **प्रथम पक्षको तर्फबाट** | **दोस्रो पक्षको तर्फबाट** |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामथरः | नामथरः |
| पदः | ठेगानाः |
| छाप | |

हेटौंडा राजपत्र

## अनुसूची-३

## (दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

## ठेक्कामा लगाउने करार सम्झौताको नमूना

लिखितम् मकवानपुर जिल्ला, हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय (यसपछि प्रथम पक्ष भनिने छ) र ................. जिल्ला ............................... पालिका ............. वडा बस्ने श्री ................................... को नाति/नातिनी/बुहारि श्री ................................ को छोरा/छोरी/श्रीमती वर्ष ........... को श्री ................................ (यसपछि दोस्रो पक्ष भनिने छ) का बीच प्रथम पक्षको स्वामित्वमा रहेको भारी सवारी साधन ...................... मिति ........... देखि मिति .................... सम्मका लागि मासिक रु. .......................... मा/वार्षिक रु. ..................... बुझ्ने गरी म दोस्रो पक्षले पेश गरेको निवेदन उपमहानगरपालिकाबाट स्वीकृत भई .................... (भारी सवारी साधन) भाडामा दिने निर्णय अनुसार उपमहानगरपालिकाको च.नं. .................. मिति ................. को पत्रानुसार बोलवाट भऐकोले उपस्थित भएको छु । उपमहानगरपालिकाबाट जारी भएको कार्यविधि बमोजिम करार सम्झौतामा मेरो मनोमान राजीखुशीले रेखात्मक र लेखात्मक सहीछाप गरी तपसिलमा उल्लेखित शर्तको अधिनमा रही .................... साधन भाडामा लिन मञ्जुर भई हेटौंडा उपमहानगरपालिकामा बसी करार सम्झौता गरी एक/एक प्रति लियौं दियौं ।

**शर्तहरु**

१. प्रथम पक्षको स्वामित्वमा रहेकको भारी सवारी ........................ साधन मिति ............. देखि मिति ................. सम्म भाडामा लिन कवोल अङ्कको एक तिहाई रकम रु. ............. आजै दाखिला गरेको छु । साथै बाँकी २ किस्ता बापत मिति ................... सम्म म्याद भएको ............ बैंकको रु................... को बैंक ग्यारेन्टी पेश गरेको छु ।

२. ................. शर्तका लागि उपमहानगरपालिकाको सूचना अनुसार रु. ..................... धरौटी समेत जम्मा गरी प्रमाण निस्सा पेश गरेको छु ।

३. म निवेदकले दुरुस्त हालमा रहेको ..................... साधन भाडामा लिएको ठेक्का अवधि समाप्त भए पश्चात पनि दुरुस्त रुपमा बुझाउने छु ।

४. ठेक्का अवधिभर ............... साधनको मर्मत, सर्भिसिङ्ग, आवश्यक पार्टपुर्जा आफै खरिद गरी प्रयोग गर्नेछु ।

५. ठेक्का अवधि बीचमा केही दिन उपमहानगरपालिकालाई सो सवारी चाहिएमा उपलब्ध गराउनेछु तर दामासाहीले हुन आउने रकम उपमहानगरपालिकाबाट फिर्ता गर्नु पर्नेछ ।

६. ठेक्का अवधि समाप्त हुनु पूर्व सवारी साधन फिर्ता लिनु दिनु पर्ने भएमा दुवै पक्षको सहमतिमा ३० दिन अगावै अगावै सूचना लिई दिई फिर्ता गर्न गराउन सकिनेछ ।

७. ठेक्का अवधिभर भारी सवारी साधन चलाउने अपरेटर उपमहानगरपालिकाले नै पठाउनेछ र निजले पाउने तलब सुविधा उपमहानगरपालिकाले व्यहोर्नेछ तर चालकको खाना तथा बासको व्यवस्था दोस्रो पक्षले गर्नेछ ।

८. दोस्रो पक्षले सवारी साधन भाडामा लिएपछि निजले दोस्रो, तेस्रो व्यक्तिलाई पुनः ठेक्कामा दिन पाउने छैन । यस प्रकार सवारी चलाउनु पर्ने अवस्था आएमा पहिलो पक्षको स्वीकृति अनिवार्य हुनेछ ।

९. पहिलो पक्षको भारी सवारी साधन सञ्चालन समितिले कार्यस्थल, समय, सवारीको अवस्था आदिका बारेमा निरीक्षण अनुगमन गर्न सक्नेछ सो कार्यमा सहयोग गर्नु दोस्रो पक्षको कर्तव्य हुनेछ।

१०. यस सम्झौतामा उल्लेखित शर्तहरु यसै सम्झौता बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**प्रथम पक्षको तर्फबाट**
दस्तखतः
नामथरः
पदः
छाप
**रोहवरः**

**दोस्रो पक्षको तर्फबाट**
दस्तखतः
नामथरः
ठेगानाः
**रोहवरः**

**आज्ञाले**
**सूर्य प्रसाद गौतम**
**प्रमुख प्रशासकीय अधिकृत**

हेटौंडा राजपत्र